# वैदेशिक रोजगार न्यायाधिकरण

बवरमहल, काठमाडौ

## विषयः सूचना।

काठमाडौं उपत्यकामा कोभिड-१९ को संक्रमण तीव्र गतिले बढीरहेको तथ्य विदितै छ। यसैक्रममा यस न्यायाधिकरणमा कार्यरत कर्मचारी मध्ये १ जनाको PCR परीक्षण हुदा रिपोर्ट Positive देखिन आएको छ। साथै यस न्यायाधिकरण अवस्थित रहेकै परिसरमा श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय समेत अवस्थित रहेको र सो निर्देशनालयमा कार्यरत कर्मचारीमा पनि PCR परीक्षण प्रतिवेदन Positive देखिएको छ। एउटै परिसरभित्र दुई अलग अलग कार्यालय रहनु, दुबै कार्यालयका परीक्षण भएका कर्मचारीको रिपोर्ट Positive आउनुले संक्रमण फैलावट हुन सक्ने अवस्था देखिन्छ। न्यायाधिकरणको विद्यमान साघुरो भवन तथा कार्यकक्षबाट कर्मचारी कर्मचारी तथा कर्मचारी सेवाग्राही बीच भौतिक दुरी कायम राखी कार्य सन्चालन गर्न नसकिने अवस्थाले एकाको संक्रमणको प्रभाव अर्कामा सहजै फैलन सक्ने अवस्था समेत देखिन्छ। यस तथ्यलाई दृष्टीगत गर्दै भौतिक दुरी कायम गर्नु पर्ने, न्यायाधिकरणका पदाधिकारी तथा कर्मचारीको आवश्यकता अनुसार PCR परीक्षण गराउनु पर्ने तथा कार्यालय परिसरको सरसफाई समेतका कार्य गर्नका लागि यस न्यायाधिकरणबाट प्रवाह भई आएका सेवाहरु मध्ये देहाय बमोजिमका सेवा तथा कार्य सुचारु गर्ने सोवाहेकका अन्य सेवाहरु आज मिति २०७७।०६।२७ देखि लागु हुने गरी मिति २०७७।६।३० सम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति प्रदान सम्बन्धी कार्य,

२. वयान लिई थुनछेक आदेश गर्ने कार्य र

३. कसूर ठहर फैसला भै सजाय निर्धारणका लागि पेस भएका मुद्दाको सुनुवाई सम्बन्धी कार्य।